## निर्णय नः १

विगतमा नगरपालिकाबाट भएका काम कारवाही तथा विगतका निर्णयको कार्यान्वयनको अवस्थाका बारेमा समिक्षा गरियो।

## निर्णय नः २

खैरहनी नगरपालिका क्षेत्रभित्रका विद्यालय जाने उमेरका सम्पुर्ण बालबालिकाहरुका लागि सामुदायिक तथा संस्थागत विद्यालयहरुमा शिक्षाको पहुँच पुचाउने उद्देश्यले यसै शैक्षिक सत्र २०७५ का लागि **"हामी सबैको इच्छा, अनिवार्य निःशुल्क आधारभुत शिक्षा"** भन्ने विद्यार्थी भर्ना सम्बन्धी आधार तय गरी आ-आफ्नो विद्यालयमा व्यानर राखी २०७५ साल वैशाख २ गते देखि ५ गते सम्म भर्ना अभियान संचालन गर्नका लागि अनुरोध गरीएकोमा सबै वडाका स्थानीय प्रतिनिधि, स्थानिय राजनीतिक दल, टोल सुधार समितिहरु, आमा समुहहरु, विद्यालयका प्र.अ.लगायत शिक्षक/शिक्षिकाहरु, विभिन्न संघ संस्थाका प्रतिनिधिहरु, अभिभावकज्यूहरुलाई सम्मिलित गराई भर्ना अभियानलाई प्रभावकारी बनाउन घरदैलो कार्यक्रम संचालन गर्ने निर्णय गरियो ।

## निर्णय नः ३

आ.व.०७४।०७५ मा दोश्रो नगरसभा द्वारा पारित वजेटमा घरभाडा शीर्षकमा विनियोजन गरिएको रकम सो शीर्षकमा खर्च नहुने र अन्य मात्र शीर्षकमा अपुग हुने भएकोले रु २३०००००।०० बाट खैरहनी नगरपालिकाको आर्थिक कार्यविधि नियमित तथा व्यवस्थित गर्न बनेको कानून २०७४ को दफा ९ बमोजिम देखाएको शीर्षकमा रकमान्तर तथा श्रोतान्तर गर्ने निर्णय गरियो ।

| सि.नं. | शीर्षक | विनियोजित रकम | घटाउनु पर्ने रकम | थप शीर्षकको स्वीकृत रकम |
|---|---|---|---|---|
| १. | घरभाडा | २३०००००।०० | ५०००००।०० | |
| २. | अन्य भाडा | | | ५०००००।०० |

## निर्णय नः ४

खैरहनी नगरपालिकाको समग्र कार्यक्रमको अनुगमन कार्यमा सहजता ल्याउन सवारी साधनको आवश्यकता महशुस गरिएको र नगरपालिकामा सवारी साधन (गाडी) खरिद सम्बन्धि रकम विनियोजन नभएको कारण सेवा प्रवाहमा कठिनाई भईरहेका परिपेक्षमा तत्काललाई अनुगमनमा प्रभावकारी ल्याउन नगरकार्यपालिकाले खैरहनी नगरपालिका वडा

नं.८ निवासी सारिका देवी शाही को सवारी साधन (महिन्द्रा स्कर्पियो पिकअप) भाडामा लिने सम्बन्धि मिति २०७४।१२।०४ गते भएको संझौता बमोजिम मासिक रु. ११५,०००।०० (अक्षरुपी एकलाख पन्ध्र हजार कर समेत) का दरले तिर्ने गरी गरेको निर्णय अनुमोदन गरियो ।

**निर्णय नः ५**

खैरहनी नगरसभा बाट विपद व्यवस्थापन तथा राहत र पुर्न निर्माण कार्यका लागि विनियोजित बजेट रु. पैतिस लाख र विभिन्न खोला निकासका लागि विनियोजित रु.पन्ध्र लाख गरी रु.पचास लाख को रकम सोहि समितिको मिति २०७४।१२।१५ को निर्णय अनुसार भएको बाँडफाड अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नः ६**

खैरहनी नगरपालिकाको दोश्रो नगरसभा द्धारा सांस्कृतिक विकास कार्यक्रम अर्न्तगत विभिन्न शीर्षकमा विनियोजित रकम कार्यान्वयनका लागि सामाजिक विकास समितिको मिति २०७४।१२।१४ गतेको बैठक बाट निर्णय भई अनुमोदनका लागि यस बैठकमा पेश हुँदा उक्त निर्णय अनुमोदन गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

**निर्णय नः ७**

खैरहनी नगरपालिका दोश्रो नगरपालिकाबाट स्वीकृत वजेट तथा कार्यक्रम र विभिन्न कोषमा विनियोजित भएको देहायका शीर्षकको रकम खर्च नभई बचत हुन सक्ने र केही योजनाहरुको लागि तत्काल विनियोजन गरी कार्यान्वयन गर्नु पर्ने अवस्था सिर्जना भएका कारण आगामी नगरसभा बाट योजनाहरुको अनुमोदन गराउने गरी उल्लेखित रकम सो शीर्षकबाट खर्च गर्ने गरी कार्यक्रम संचालन गर्ने निर्णय गरियो ।

**तपसिल**

१. **कृषि कार्यक्रम तर्फ :**

योजना अनुगमन, भ्रमण मसलन्द - विनियोजित रकम रु.१६ लाख परिवर्तित रु.८ लाख

क) संचालित योजना :

१. पिपरा बोरिङ्ग पाईपलाईन विस्तार वडा नं.९ रु.७ लाख

२. पाईपलाईन विस्तार वडा नं.९ रु.१ लाख

२. **चैनपुर चोकदेखि नगरगेट सडकमा :**

विनियोजित रकम रु.१ करोड मध्य ठेक्का प्रक्रिया अनुसार बचत हुने रकम बाट परिवर्तित रु.२० लाख

१. लाहुरे चोक सडक मर्मत वडा नं.८ रु.२ लाख ५० हजार

२. बाटो पिच थप वडा नं.१ रु.२ लाख ५० हजार

३. बाटो पिच थप वडा नं.१ रु.२ लाख

४. ह्युम पाईप खरिद गरी जडान रु.१३ लाख

३. **नगरपालिका भवनको तला थप गर्ने कार्य :**

विनियोजित रकम रु.१ करोड परिवर्तित रु.९ लाख ५० हजार

१. कुमरोज प्रहरी चौकी भवन निर्माण रु.३ लाख

२. दुर्गा मन्दिर थप गर्ने कार्य वडा नं.५ रु.१ लाख ५० हजार

३. पुलको रेलिङ मर्मत वडा नं.७ रु.७५ हजार

४. बाटो ग्रावेल गर्ने कार्य वार्ड नं.५ रु.१ लाख ५० हजार

५. वार्ड नं. २ को बोरिङ मर्मत रु.२ लाख ५० हजार

४. **गरिवी निवारण कोषबाट :**

विनियोजित रकम रु.७ लाख

१. वार्ड नं.३ सिचाई पाईप लाईन विस्तार रु.४ लाख

२. वार्ड नं.२ पाइपलाइन विस्तार रु.३ लाख

## निर्णय नः८

खैहरनी नगरपालिकामा लामो समय देखि विभिन्न करार र अस्थायी पदमा कार्य गर्दै आउनु भएका र तपसिलमा उल्लेखित कर्मचारीहरुका लागि अर्को व्यवस्था नभए सम्मको लागि म्याद थप गरी सेवा सुचारु गर्नुपर्ने भएकोले म्याद समाप्त भएको दिन देखी बढीमा ३ महिनाको लागि म्याद थप गर्ने निर्णय गरियो ।

### तपसिल

| सि.न. | कर्मचारीको नाम | पद | अस्थाई/ करार | कैफियत |
|---|---|---|---|---|
| १. | धन कुमार लामा तमाङ्ग | इन्जिनियर | करार | |
| २. | प्रेम बहादुर सिलवाल | कम्प्युटर अप्रेटर | करार | |

| | | | | |
|---|---|---|---|---|
| ३. | अनिता पन्त | कम्प्युटर अप्रेटर | करार | |
| ४. | प्रकाश बहादुर श्रेष्ठ | अपरेटर | करार | |
| ५. | कृष्ण प्रसाद पराजुलि | सुपरभाइजर | करार | |
| ६. | कमल प्रसाद ढुङ्गेल | सुरक्षा गार्ड | करार | |
| ७. | टिका नरायण श्रेष्ठ | नगरप्रहरी | करार | |
| ८. | धिरेन्द्र कुमार चौधरी | सव ओभरसियर | अस्थाई | |
| ९. | टेक बहादुर भण्डारी | कार्यालय सहयोगी | अस्थाई | |
| १०. | तारा पाण्डे | कार्यालय सहयोगी | करार | |
| ११. | निर्मला घिमिरे | कार्यालय सहयोगी | अस्थाई | |
| १२. | लक्ष्मी अर्याल | कार्यालय सहयोगी | अस्थाई | |
| १३. | बाल गोविन्द महतो | कार्यालय सहयोगी | अस्थाइ | |
| १४. | हरिलाल अधिकारी | कार्यालय सहयोगी | अस्थाई | |
| १५. | सुमन श्रेष्ठ | अ.सव.इ. | करार | |
| १६. | भिष्म महतो | सवारी चालक | करार | |
| १७. | विष्णु प्रसाद अर्याल | कार्यलय सहयोगी | करार | स्वा.के. |
| १५. | लक्ष्मी शर्मा | अ.न.मी | करार | प्रा.स्वा.के. |
| १६. | भगवती अर्याल | कार्यालय सहयोगी | करार | स्वास्थ्यचौकी चैनपुर |
| १७. | देवी वि.क. | स्वीपर | करार | प्रा.स्वा.के. |

**निर्णय नः ९**

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय सामाजिक परिचालन तथा गैसस समन्वय शाखाको मिति २०७४।१२।१३ चलानी नं.४० को पत्र बाट विगतमा उत्कृष्ट कार्य सम्पादन भएका सामाजिक परिचालकहरुलाई निरन्तरता दिने गरी लेखी आएको हुँदा तपसिलका सामाजिक परिचालकहरुलाई २०७५ असार मसान्त सम्मका लागि म्याद थप गरी कामकाज गराउने निर्णय गरियो ।

**तपसिल**

१. सिता शिवाकोटी
२. लिला रावल
३. केशरी माया पाठक
४. रञ्जना नेपाल

**निर्णय नः १०**

यस नगरपालिकाको मिति २०७४।१०।९ वि.नं.२ अनुसार यस नगरकार्यापालिकाको लागि कार्यालय सहयोगी ९ जनाको लागि २०७४।१२।२१ देखी ऐ.ऐ. २३ गते सम्म लिएको अर्न्तवार्तामा सफल भएका उमेद्धारलाई परिक्षा समितिले नियुक्तिका लागि सिफारिस गरेकोले उक्त सिफारिस बमोजिम मिति २०७५ वैशाख १ गते देखि लागु हुने गरी नियुक्ति दिन नगर कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नः ११**

खैरहनी नगरकार्यपालिकाको विधेयक समिति बाट निर्णय भई अनुमोदनका लागि पेश भएका देहायका कार्यविधिहरु पारित गर्ने निर्णय गरियो ।

**तपसिल**

१. गरिबी निवारण तथा सामाजिक परिचालन कोष संचालन कार्यविधि, २०७४
२. मानव संशाधन विषेश कोष संचालन कार्यविधि, २०७४
३. प्राविधिक कर्मचारी करारमा राख्ने सम्बन्धि कार्यविधि, २०७४
४. स्थानीय राजपत्र प्रकाशित गर्ने सम्बन्धि कार्यविधि, २०७४
५. ‘घ’ वर्गको इजाजत जारी तथा नविकरण सम्बन्धि कार्यविधि, २०७४

**निर्णय नः १२**

खैरहनी नगरपालिकाको दोश्रो नगरसभा द्धारा स्वीकृत योजनाहरु कार्यान्वयनको क्रममा संसोधन गरी दिन सम्बन्धित वडा कार्यालयहरु बाट लेखी आएको हुँदा हाललाई तपसिलका योजनाहरु माग बमोजिम संशोधन गरी कार्यान्वयन गर्ने र आगामी नगरसभा बाट अनुमोदन गराउने निर्णय गरियो ।

**तपसिल**

| सि. नं. | साविक योजनाको नाम | वडा नं. | रकम | संशोधित योजनाको नाम | रकम रु. |
|---|---|---|---|---|---|
| १. | श्याम सुन्दरको घर देखि पश्चिम हाजीपुर जाने बाटा सम्म जाने बाटो ग्रावेल | १ | ३००००० | राजमार्गबाट नवोदय विद्यालय हुदै बसन्त अर्यालको घर सम्मको करिव २३५ मी कालोपत्रे | ३०००००।०० |
| २. | प्रमोद रिजालको घर देखि जनजीवन मा.वि.हुदै स्वास्थ्य | २ | २०००००+ ३०००००= | हेम सागर पौडेलको घर देखि पाण्डे चोक सम्म अन्दाजी ३०० मी. | ५०००००।०० |

| | | | | | |
|---|---|---|---|---|---|
| | चौकी जाने बाटो उच्च स्तरीय ग्रावेल र विन्दावासिनी चोक स्थीत मार्क व्यवस्थापन तथा संरक्षण | | रु.५००००० | कालोपत्रे | |
| ३. | धसरी भत्केको पुल निर्माण तथा मर्मत र रत्न घिसिङ्गको घर देखि गुम्बा चोक सम्म १०० मी पिच | ३ | १५००००० +५००००० = रु.२०००००० | गोठेश्वर मैते सिं घिसिङ्गको घर देखि लदरा खोलाको भत्केको पुल धसरी सम्म कालोपत्रे | २००००००।०० |
| ४. | वडा भित्रका बाटाहरु उच्च स्तरीय ग्रावेल र वडा भित्रका बाटाहरु ग्रावेल | ४ | १४००००० + ६०००००= रु.२०००००० | धन बहादुर चोक देखि भोजराज खनालको घर सम्म उच्चस्तरीय ग्रावेल | ४१००००।०० |
| | | | | डेरी चोक बाट प्रेम रावलको घर हुदै जंगल सम्म उच्चस्तरीय ग्रावेल | ४१००००।०० |
| | | | | गर्जा चोकबाट लप्का चोक र डम्बर बहादुरको घर बाट ध्रुव खड्काको घर सम्म | ४१००००।०० |
| | | | | गैडाआल बाट बस्नेत अधिकारीको घर सम्मको बाटो निर्माण | २१००००।०० |
| | | | | माइला तमाङ्गको घर हुदै सारदा चोक सम्म ग्रावेल | ११००००।०० |
| | | | | लिला बहादुर बस्नेतको घर बाट नहर हुदै नवराज भट्टको घर | १०००००।०० |
| | | | | भिमखोले घर बाटो (११००००) र च्यानडाँडा (४००००) | १५००००।०० |
| | | | | थापा काइलाको घर बाट प्रकाशको बासघारी सम्मको बाटो ग्रावेल | १०००००।०० |
| | | | | अमृत अधिकारी + खनिया + रामजी घरबाटो ग्रावेल | १०००००।०० |
| ६. | सलौली बुढौली वनमा वनभोज स्थलको लागि भौतिक पूर्वाधार निर्माण | ५ | ६००००० | सलौली बुढौली वनको दक्षिण पट्टी बग्ने सिसाहनी खोलाको उत्तर पट्टी वाल निर्माण | ६०००००।०० |

| | | | | | |
|---|---|---|---|---|---|
| ७. | वडा नं. ५ मा निलकण्ठको घर देखि उत्तर तर्फको बाटो ग्राबेल र डोलराम चापागाईको घर देखि पुर्व तर्फको बाटो ग्राबेल | ५ | १०००००+ १०००००= रु.२००००० | बाडे चोधरी खेत देखि नानीमाया सुवेदीको खेत सम्म बाटो विस्तार र ग्राबेल (१५००००) र बुढौली बाटोको नालाको मुहान मर्मत (५००००) | २०००००।०० |
| ८. | प्रगती टोलमा रहेको बाटो नं.१,२,३ मा नाला बनाउने | ८ | ७५०००० | प्रगती टोल २ नं. बाटो कालोपत्रे | ७५००००।०० |
| ९. | रैती कुलाको छेउको बाटो ग्राबेल | १० | १००००० | पाचमुहाने देखि दक्षिण मेल टोल कुलोको एक साइट लाइन जयराम पाण्डेको घर सम्म | १०००००।०० |
| १०. | बैरेनी उम्रहा घोल नाला निर्मााण | १० | ७००००० | खैरहनी उम्रहा घोल नाला निर्माण | ७०००००।०० |

## निर्णय नः १३

कृषि र पशु विज्ञान अध्ययन संस्थान डीन को संपर्क कार्यालय सानेपा ललितपुरको मिति २०७४।११।२२ च.नं.४२८ को पत्र बाट खैरहनीमा कृषि क्याम्पसको शैक्षिक कार्यक्रम संचालनका लागि आवश्यक जग्गा र आर्थिक श्रोत उपलब्ध गराईदिन अनुरोध भई आएकोले हाल खैरहनी नगरपालिका वडा नं.५ बुढौलीमा रहेका सार्वजनिक जग्गा मध्येबाट पुर्व तर्फ बाट ५ विगाह उपलब्ध गराउने निर्णय गरियो ।

## निर्णय नः १४

खैरहनी नगरपालिका भित्र बसोबास गरेका व्यक्तिहरुबाट आफूहरु ऐलानि जग्गामा बसोबास गर्दै आएको र २०७२ साल बैशाखमा आएको विनासकारी भुकम्पबाट घर क्षतीग्रस्त भएको र पुन निर्माणको अर्न्तगत आवासको लागि नाम समेत समावेश भईसकेको अवस्थामा जग्गा धनि प्रमाण पत्र नभएका कारण हाल सम्म संझौता गरी रकम निकासामा अवरोध सिर्जना भएको हुँदा आफू बसोबास गरेको र कसैको हक भोगमा नरहेको सुकुम्बासी समस्या समाधान आयोगबाट समेत निस्सा प्रमाण रहेकोले उक्त जग्गामा घर बनाउनको लागि वडा कार्यालयको सिफारिस सहित माग गर्नु भएमा भुकम्प पीडितहरुका लागि आवास निर्माण गर्न सहमति प्रदान गर्ने निर्णय गरीयो ।